# भागेश्वरको पहिचान

# स्थानीय पाठ्यक्रमको प्रारम्भिक मस्यौदा

# २०७७

मस्यौदा

**भागेश्वर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बगरकोट, डडेल्धुरा**

**स्थानीय पाठ्यक्रमको परिचय :**

स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाहरुले स्थानीय स्तरमा आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता र सक्रियतामा स्थानिय आवश्यकता सम्बोधन गरी बनाइएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । नेपाल एक विविधताले भरिपूर्ण राष्ट्र हो । यहाँ भौगोलिक, सामाजिक, साँस्कृतिक, धार्मिक एवम् ऐतिहाँसिक विविधताले गर्दा केन्द्र स्तरबाट निर्माण गरिने पाठ्यक्रमले समग्र क्षेत्रको प्रतिनिधित्व गर्न सक्दैन त्यसैले शिक्षा क्षेत्रको सन्तुलित र समुचित बिकासका लागि स्थानीय महत्व र आवश्यकताहरुलाई आधारमानी शिक्षाका उद्देश्यहरु हाँसिल गर्न योजनाबद्ध तथा निर्देशित रुपमा गरिने सम्पुर्ण कार्यहरु यस पाठ्यक्रममा समेट्ने प्रयास गरिएकोछ । नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ ले समेत स्थानीय कला, संस्कृति, भाषा र विषयलाई महत्वपूर्ण क्षेत्रका रुपमा औल्याएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा आधारभूत तह कक्षा १-३ मा मातृभाषिक सीप⁄ स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यभार ५ र बार्षिक पाठ्यघण्टा १६० र कक्षा ४-८ सम्म पाठ्यभार ४ र वार्षिक पाठ्यघण्टी १२८ तोकेर मातृभाषा वा कुनै स्थानीय विषयवस्तु तयार गरी १०० पुर्णाङ्कको पाठ्यपुस्तक तयार गराउने अधिकार स्थानीय स्तरलाई हस्तान्तरण गरिए अनुसार स्थानीय स्तरका सवै आधारभूत बिद्यालयहरुमा कक्षा १-८ सम्मका बिद्यार्थीहरुकालागि सम्बन्धित बिभिन्न क्षेत्रहरु एकिकृतगरी स्थानीय पाठ्यक्रम **भागेश्वरको पहिचान** निर्माण गरिएकोछ । जसअन्तर्गत निम्न बमोजिमका बिषय क्षेत्रहरु समेट्ने प्रयास गरिएको छ ।

- हाम्रो भूगोल र वातावरण
- हाम्रो कृषि प्रणाली र आर्थिक क्रियाकलाप
- हाम्रो संस्कृति र सभ्यता
- स्थानीय सरकार र ख्याती प्राप्त व्यक्तित्व
- ऐतिहासिक सांस्कृतिक धार्मिक र पर्यटकीय स्थलहरु
- स्थानीय पेशा, व्यवसाय र प्रविधि
- प्राकृतिक स्रोत हरित विद्यालय तथा बिपद व्यवस्थापन

प्रस्तुत सन्दर्भमा भागेश्वर गाउँपालिकाको स्थानीय पहिचान, यहाँको स्रोत साधन बालबालिकाहरुलाई आफ्नो परिवार तथा छरछिमेकको पेशा व्यवसाय चिन्न सक्ने, परम्परागत स्थानीय संस्कृती, ऐतिहासिक ब्यक्तित्वहरु, सामाजिक चालचलनहरु, नीति नियमहरुसँग परिचित हुन , आफू रहेको ठाउँ र क्षेत्रको भौगोलिक क्षेत्रसँग परिचित हुनु ,पर्यटकीय स्थलहरुको पहिचान र संरक्षणकार्यमा अग्रसर हुनु ,स्थानीय प्रबिधिहरुसँग परिचित भैं स्थानीय उद्योगहरुको महत्व र आवश्यकता महसुस गरी सहभागी हुन र प्राकृतिक तथा मानवीय कारणले उत्पन्न हुनसक्ने बिपदहरुसँग परिचित रही बच्ने उपाय अपनाउन सक्ने लक्ष्यका साथ **भागेश्वरको पहिचान** नामक स्थानीय पाठ्यक्रम तयार गरीएको हो । यो पाठ्यक्रम निर्माण गर्न र व्यवस्थीत रुपाले तयार पार्न भागेश्वार गाउँ पालिकाका गाउँकार्यपालिका सदस्य, राजनीतिकर्मी, विशिष्ट व्यक्तित्व, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा प्रशासन अधिकृत, श्रोत व्यक्ति, सबै विद्यालयका प्रद्यानाध्यापक, वि.व्य.स.अध्यक्ष, अभिभावक वर्ग तथा विद्यार्थीहरु सम्मिलित गराई एक दिने कार्याशालाको आयोजना गरिएको थियो । उक्त कार्यशालाले स्थानीय आवश्यकता अनुकुलका विषयवस्तुहरु छनोट गरेको थियो । सोही अनुरुपका विषय वस्तुहरु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण कार्यदल र मस्यौदा समितिले यो पाठ्यक्रम निर्माण गरेको छ । यो पाठ्यक्रलाई अझ व्यवहारिक, प्रभावकारी र जीवनोपयोगी वनाउन भागेश्वर गाउँपालिका स्थानीय पाठ्यक्रम निर्माण कार्यदल र मस्यौदा समिति सम्बन्धीत सबै सरोकारवालाहरुवाट रचनात्मक सुझावको अपेक्षा गर्दछौ ।

**भागेश्वर गाउँपालिका**
**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल र मस्यौदा समिति**
**२०७७**

**कार्यदल :**

१. संयोजक : श्री राम वहादुर शाही सामाजिक विकास समिति संयोजक भागेश्वर गाउँपालिका
२. सदस्य : श्री लाल वहादुर सेटी शिक्षा प्रशासन अधिकृत भागेश्वर गाउँपालिका
३. सदस्यः श्री राजेन्द्र वहादुर पाण्डे स्रोत व्यक्ति भागेश्वर गाउँपालिका
४. ज्ञानेन्द्र भाट विद्यालय व्यवस्थापन अध्यक्ष श्री शारदा मावि सिराड
५. सदस्य : श्री मीन बहादुर खड्का शिक्षा प्रास भागेश्वर गाउँपालिका
६. सदस्य : श्री कर्ण बहादुर मडै प्रअ प्रतिनिधि गोविन्दपुरी मावि लामिकाण्डे
७. सदस्य : श्री वसन्ती भट्ट प्रअ प्रतिनिधि भुवनेश्वरी प्रावि डुग्रीं

**मस्यौदा समिति :**

१ श्री नरोत्तम जोशी शिक्षक अशिग्राम मावि रुपाल
२. श्री नरेश सिंह के.सी शिक्षक सरस्वती मावि वोगटा
३. श्री तीर्थराज पन्त शिक्षक सरस्वती मावि लाकम बगरकोट
४. श्री जगदीश चटौत शिक्षक गोविन्दपुरी मावि लामिकाण्डे
५. डम्बर सिंह वोहरा शिक्षक नारायणी प्रावि चुडी
६. वसन्ती भट्ट शिक्षक भुवनेश्वरी प्रावि डुग्री

- **तहगत सक्षमताहरुः**

प्राथमिक तहको हाम्रो भागेश्वर विषयको अध्ययन पश्चात बिद्यार्थीहरु निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

१. आफ्नो स्थानीय स्तर आफु बसेको जिल्लाको भौगोलिक स्थितीको परिचय दिन ।
२. आफ्नो घरपरिवारको पेशा र व्यवसायको पहिचान गरी पेशागत सामग्रीको प्रयोग र संरक्षण गर्न ।
३. खाद्यवाली, फलफूल, तरकारी खेतीको परिचय दिन र यसको महत्व वताउन ।
४. आफ्नो गाउँपालिकामा प्रचलित भाषा, चाडपर्व, मेला, जात्रा, सांस्कृतिक चाल चलनहरु, भेषभुषा, खानपिन संस्कारका वारेमा वताउन ।
५. स्थानिय पर्यटकिय, धार्मिक, ऐतिहासिक, सास्कृतिक सम्पदाहरुको परिचय दिइ त्यसको महत्व तथा संरक्षणमा योगदान पुर्‍याउन ।
६. स्थानीय तहमा रहेका आर्थिक क्रियाकलापको अवलोकन गरी वर्णन गर्न र त्यसमा सक्दो सहयोग पुर्‍याउन ।
७. आफ्नो स्थानीय तह, जिल्लामा रहेका नदीनाला, ताल फाँट, झरना, गुफा, वनजंगल, हावापानी, उर्जाको स्रोत आदिको परिचय दिन ।
८. आफ्नो वरिपरि, स्थानीय तह, जिल्ला र प्रदेशको नक्सा बनाउने अभ्यास गर्न र संकेत चिन्हहरु राख्न ।
९. स्थानीय समुदायका ख्यातिप्राप्त व्यक्तिहरुको कामवाट प्रेरणा लिन र उनिहरुलाई सम्मान गर्न ।

मस्यौदा

१०.स्थानीय उद्योग र प्रविधिको पहिचान गरी संरक्षण कार्यमा सहभागी हुन ।

११. प्राकृतिक स्रोत सम्पदाको संरक्षण सम्बद्धन तथा हरित विद्यालय र यसको महत्व वताउन ।

१२. जोखिम /प्रकोप तथा बिपदका कारणहरु पहिचान गरि क्षतीबाट बच्ने उपाय अपनाउन र संयम रही सघाउन ।

मस्यौदा

**क्षेत्र र क्रम :**

**यस बिषयबस्तुहरुको क्षेत्र र क्रम तलको तालिकामा प्रस्तुत गरिएकोछ :**

| क्र.स. | क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | |
|---|---|---|---|---|---|---|---|
| **१** | **हाम्रो भूगोल र वातावरण** | १.आफु वसेको ठाउँ र आफ्नो गाउँ टोलको भौगोलिक स्थितिको पहिचान ।<br>२. आफ्नो वरपर तथा बिद्यालयको धरातलीय स्बरुप, गोरेटो वाटो, स्थानीय सडक वाटोको नाम ।<br>३. आफ्नो व्यक्तिगत सरसफाई । | १. आफ्नो टोल ,छिमेक र आफ्नो वरिपरिको भौगोलिक स्बरुप,<br>२. आफ्नो र छिमेकी वडाको गोरेटो वाटो र पुलको नाम ।<br>३. आफ्नो घर वरपरको सरसफाई । | १. समुदाय तथा स्थानीय तहको भौगोलिक स्बरुप आफ्नो गाउँपालिकाको सडकको नाम तथा भौगोलिक स्थिती,<br>२.आफ्नो गाउँटोलको सरसफाई | १. आफू रहेको स्थानीय तह तथा जिल्लाको धरातलीय स्बरुप र सामान्य नक्सा कार्य<br>२.वनजंगल, नदी खोला हावापानी वातावरणीय स्थिति<br>३. विद्यालय वरपरको सरसफाई । | १.आफू रहेको पालिकाको नक्सा गाउँपालिकाको हावापानी प्रमुख सडक र दुरी, स्थानीय नदी<br>२.आफ्नो गाउँपालिका सँग जोडिएका छिमेकी गाउँपालिका/नगरपालिकाको नाम<br>३. जिल्ला सदरमुकामसँग जोडिएका सडकहरुको नाम र दुरी ।<br>४. विकास र यसले वातावरणमा पारेको असर | |
| **२** | **हाम्रो कृषि प्रणाली र आर्थिक क्रियाकलाप** | १. आफ्नो घर परिवारमा उत्पादन हुने बालीनाली, तरकारी, फलफूल र घरका सदस्यले गर्ने काम | १.आफ्नो घरमा उत्पादन हुने वस्तुहरु तिनीहरुको प्रयोग र वितरण<br>२.परिवार, छिमेकी ले गर्ने काम जस्तो : कृषि, घरेलु व्यवसाय, | १. आफ्नो स्थानीय स्तरमा उत्पादित वस्तुहरु , स्थानीय स्तरका पेशा व्यवसायहरु, पेशाकर्मी<br>२. स्थानीय पेशा व्यवसाय र पेशाकर्मीले गर्ने आम्दानी | १. स्थानीय स्तरमा गरिने प्रमुख कृषि व्यवसाय, स्थानीय स्तरका प्रमुख उद्योग व्यवसाय<br>२. स्थानीय प्रमुख उत्पादनहरु, स्थानीय बजार, सेवा क्षेत्र र आफ्नो परिवारले गर्ने आम्दानी | १. स्थानीय स्तरका कृषि र गैरकृषि व्यवसाय व्यवसायको आर्थिक महत्व<br>२. प्राविधिक जनशक्ति उत्पादन<br>३. स्थानीय स्तरमा सेवा प्रवाह गर्ने निकायहरु | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | **हाम्रो संस्कृति र सभ्यता** | -मेरो घर, परिवारको संस्कृति<br>-आफु र आफ्नो घरपरिवारको सामान्य पारिवारिक पृष्ठभुमि<br>-परिवारका सदस्यहरुको आदर र सम्मान | -मेरो घर, परिवार तथा छिमेकीको संस्कृति<br>-आफ्नो कक्षामा पढ्ने साथीहरुको घरपरिवारको सामान्य पारिवारिक पृष्ठभुमि<br>-छरछिमेकीहरुको आदर र सत्कार | -हाम्रो समुदायको विविध संस्कृतिको परिचय<br>- आफ्नो छिमेकी तथा नातेदारहरुको पारिवारिक पृष्ठभुमि<br>-नातेदार र पाहुनाहरुको आदर र सत्कार | -हाम्रो स्थानीयस्तर तथा बिभिन्न क्षेत्रका सांस्कृतिक कृयाकलापहरुको महत्व र आवश्यकता<br>- आफ्नो समुदाय र जिल्लाको सामुदायिक पृष्ठभुमि<br>-गाउँटोलमा बोल्ने विभिन्न भाषा र मनाइने चाडपर्व | -हाम्रो स्थानीय स्तर, जिल्ला तथा प्रदेशको सांस्कृतिक क्रियाकलापहरुको पहिचान संरक्षण<br>- आफ्नो जिल्ला र प्रदेशमा रहेका ऐतिहासिक व्यक्तित्व र सम्पदाहरुमान्यजनहरु सँग गर्नुपर्ने व्यवहार,समुदायका विभिन्न भाषा, भेषभुषा, रहनसहन र चाडपर्वहरु | |
| ४ | **स्थानीय सरकार र ख्याती प्राप्त व्यक्तित्व** | १. आफ्नो गाउँपालिकाको नाम वताउन ।<br>२.. आफ्नो गाउँटोलमा सबैले सम्मान गर्ने व्यक्तिको नाम वताउन । | १. आफ्नो गाउँघर ,टोलको शैक्षिक सामाजिक र राजनैतिक क्षेत्रमा योगदान पुर्याउने व्यक्तिको सामान्य परिचय दिन । | १. आफ्नो वडाभित्र रहेका सम्मानीत व्यक्तिहरुको नामको सूची तयार गर्न ।<br>२. गाउँपालिका भित्र शिक्षा क्षेत्रमा योगदान पुर्याएका व्यक्तिको नाम तथा परिचय दिन । | १. भागेश्वर गा.पा.को शैक्षिक, सामाजिक र राजनैतिक क्षेत्रमा योगदान पुर्याउने व्यक्तिहरुको परिचय ।<br>२. वडा समितिको गठन प्रक्रिया । | १. आफ्नो गाउँपालिकाको परिचय ।<br>२. गाउँ सभा र गाउँ कार्यपालिकाको गठन प्रक्रिया, न्याय समिति ।<br>३. गाउँपालिको कुनै ख्यातिप्राप्त व्यक्तित्वको जीवनी वताउन । | |
| ५ | **ऐतिहासिक सांस्कृतिक, धार्मिक र स्थानीय पर्यटकीय स्थलहरु** | -स्थानीय स्तरमा रहेका विभिन्न ऐतिहासिक ,धार्मिक स्थलहरु र पर्यटकीय स्थलहरुको नाम वताउन | - स्थानीय स्तरमा रहेका विभिन्न ऐतिहासिक सम्पदाहरु,धार्मिक स्थलहरु र पर्यटकीय स्थलहरुको परिचय दिन | - स्थानीय स्तरमा रहेका विभिन्न ऐतिहासिक सम्पदाहरु, धार्मिक स्थलहरु र पर्यटकीय स्थलहरुको बर्गिकरणको अवस्था र सूचि पहिचान गर्न | - स्थानीय स्तरमा रहेका विभिन्न ऐतिहासिक सम्पदाहरु,धार्मिक स्थलहरु र पर्यटकीय स्थलहरुको फाईदा र महत्व वताउन | - स्थानीय स्तरमा रहेका विभिन्न ऐतिहासिक सम्पदाहरु, धार्मिक स्थलहरु र पर्यटकीय स्थलहरुको संरक्षण र प्रबर्द्धनका उपायहरु अपनाउन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | **स्थानीय उद्योग व्यवसाय, कला र प्रविधि** | १.आफ्नो परिवारले गर्ने काम<br>-आफ्नो घर र छिमेकमा भएका स्थानिय उद्योग र प्रविधिको नाम | -आफ्नो गाउँ टोलमा भएका स्थानिय उद्योग र प्रविधिबाट उत्पादित वस्तुको नाम<br>-आफ्नो गाउँ टोलमा भएका स्थानिय उद्योग र प्रविधिले गर्ने काम | -आफ्नो स्थानिय तहमा भएका स्थानिय उद्योग र प्रविधि रहेको स्थान<br>-आफ्नो स्थानिय तहमा भएका स्थानिय उद्योग र प्रविधिबाट उत्पादित वस्तुको सूची | -आफ्नो जिल्ला भित्र भएका स्थानिय उद्योग र प्रविधिको नाम र उत्पादित वस्तुको सूची<br>-आफ्नो स्थानिय तहमा र जिल्लामा भएका स्थानिय उद्योग र प्रविधिको महत्व तथा फाइदा | -आफ्नो जिल्ला र प्रदेश भित्र भएका स्थानिय उद्योग र प्रविधि रहेको स्थान र नाम<br>-आफ्नो जिल्ला र प्रदेश भित्र भएका स्थानिय उद्योग र प्रविधि बाट उत्पादित वस्तुको सुची<br>-आफ्नो जिल्ला र प्रदेश भित्र भएका स्थानिय उद्योग र प्रविधि को संरक्षण गर्न त्यसको महत्व | |
| ७ | **प्राकृतिक स्रोत हरित विद्यालय र विपद व्यवस्थापन** | १.आफ्नो घर वरिपरिको प्राकृतिक स्रोतहरु : वनजंगल, नदीनाला फुलबारी<br>२. विपदको सामान्य परिचय | १. प्राकृतिक स्रोतको परिचय,<br>२.आफ्नो समुदाय र विद्यालय वरपरका प्राकृतिक स्रोतहरु, फूलबारी, बगैचा<br>३..जोखिम तथा विपदको परिचय | १. करेसावारी तथा प्राकृतिक स्रोतको सदुपयोग र संरक्षण गर्ने उपाय<br>२. जोखिम तथा विपदका प्रकारहरु<br>३. घर तथा विद्यालयमा आउन सक्ने जोगिमहरु | १. विद्यालयमा करेसावारीको महत्व र प्राकृतिक स्रोत विनासका कारणहरु र यसले पार्ने असरहरु ।<br>२. विनास कम गर्न अपनाउन सक्ने उपायहरु<br>३. आफ्नो स्थानीय स्तरमा आउन सक्ने सम्भावित जोखिमहरु र न्यूनिकरणका उपायहरु | १. हरित विद्यालय र प्राकृतिक स्रोतको महत्व<br>२. प्राकृतिक श्रोत तथा सम्पदाको संरक्षणमा समुदाय र स्थानीय तहको भूमिका<br>३. विपद तथा जोखिम रोकथामका उपायहरु<br>४. विपद तथा जोखिम व्यवस्थापनमा सहयोग गर्ने संघसस्थाहरु | |

**सिकाई** उपलब्धी/**विषयबस्तु विस्तृतीकरण**

यस बिषयमा कक्षागत रुपमा बालबालिकाले हाँसिल गर्ने सिकाई उपलब्धिहरुलाई बिशिष्ट उद्देश्यका रुपमा प्रस्तुत गरिएको छ । सिकाई उपलब्धि /बिषयबस्तु बिस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएकोछ ।

**कक्षा : १**

| क्र सं | क्षेत्र | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाई क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | **हाम्रो भूगोल र वातावरण** | १. आफ्नो घर वरिपरी तथा विद्यालयको धरातलीय स्वरुप बताउन ।<br>२. आफ्नो गाउँटोलको नाम ठेगाना वताउन ।<br>३. स्थानीय सडक, गोरेटो वाटोको नाम वताउन ।<br>३. आफ्नो व्यक्तिगत सरसफाईमा ध्यान दिन । | १. घर तथा विद्यालय वरिपरिको धरातलीय स्वरुपको परिचय (अग्लो,होचो,चौर समथर आदि)-<br>२. मेरो गाउँटोलको सडक, गोरेटो वाटोको नाम ।<br>३. आफू हातधुने, मुखधुने, नाक ,कान, दाँत र कपालको सरसफाई गर्ने । | १. घर तथा विद्यालयको धरातलिय स्वरुपको अवलोकन गराई कक्षामा छलफल गर्ने ।<br>२.विद्यार्थीहरुलाई आफ्नो गाउँटोल , स्थानीय सडक गोरेटो वाटोको नाम भन्न लगाउने ।<br>३. विद्यार्थीहरुलाई आफ्नो शरीरका अंगहरु चिन्न र भन्न लगाउने ।<br>४. कपाल कोर्ने , हातमुख धुने, दाँत माभ्ने आदि व्यक्तिगत सरसफाईको वारेमा कक्षामा प्रदर्शन गरी सिकाउने । | १. गाउँटोलको धरातलीय स्वरुप देखिने भिडियो , पोस्टरहरु,डकुमेन्टी चित्र, अडियो भिडियो आदी | १. तपाइँको घर वरिपरिको जमिन कस्तो छ ?<br>-तपाइँको विद्यालय कस्तो ठाउँमा अवस्थित छ ?<br>३.तिम्रो स्थानीय सडकवाट कुन कुन ठाउँमा पुग्न सकिन्छ ? | २३ |
| २ | **हाम्रो कृषि प्राणाली र आर्थिक क्रियाकलाप** | १. आफ्नो घरपरिवारका सदस्यले गर्ने काम वताउन ।<br>२. आम्दानी हुने वस्तुहरुको नाम उल्लेख गर्न । | आफ्नो परिवारका सदस्यले गर्ने काम वा पेशाको नाम बताउन । आफ्नो परिवारमा गरिने काम जस्तै घर बनाउने, डोको, डाला, नाम्लो बनाउने, भाँडाकुँडा बनाउने, काठको काम गर्ने, सिलाइ बुनाइ गर्ने आदि | १. परिवारका सदस्यहरुले गर्ने दैनिक काम वारेमा छलफल गर्ने ।<br>२. आफ्नो घरमा उत्पादन हुने वस्तुहरुको सूचि तयार गर्न लगाउने<br>३. विद्यालयको नजिकको घरमा अवलोकन गराई त्यहाँका मानिसहरुले गर्ने कामवारे जानकारी | १. दैनिक रुपमा घरमा प्रयोग हुने सामग्रीको चित्र प्रदर्शन<br>२. पेशाकर्मीको चित्र । | १. तिम्रो वुवाले के काम गर्नु हुन्छ ?<br>२. अन्य घरपविारका सदस्यले गर्ने काम वताऊ । | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | संकलन गर्ने, गराउने । | | | |
| **३** | **हाम्रो संस्कृती र सभ्यता** | स्थानीय मेला जात्राका नाम बताउन | स्थानीय स्तरमा मनाउने मेला, जात्रा जस्तै रुपालको जोगिनी जात्रा, महादेवको जात्रा, भागेश्वर धुराको जात्रा आदि | छलफलका माध्यमबाट बिभिन्न मेलाहरुका नामहरु पालोपालो गरी भन्न लगाउने<br>मेलाहरुको सुचि प्रदर्शन गरी नामहरु टिपोट गर्न लगाउन | १. बिभिन्न मेलाहरु का नाम लेखिएको सुचि<br>२. भागेश्वर, महादेव मन्दिरको चित्र, पोष्टर | तिम्रो गाउंठाउमा मनाउने कुनै दुईका जात्राका नाम भन | २३ |
| **४** | **स्थानीय सरकार र ख्याती प्राप्त व्यक्तित्व** | १.आफ्नो गाउँपालिकाको नाम वताउन ।<br>२.आफ्नो समुदाय गाउँटोलमा सबैले सम्मान गर्ने व्यक्तिको नाम भन्न । | १. आफ्नो गाउँपालिका भागेश्वर र आफ्नो गाउँटोलमा सबैले सम्मान गने व्यक्तिको नाम । | १. आफ्नो गाउँपालिकाको नाम कसरी रहेको हो भनि कक्षाकोठामा छलफल गर्ने ।<br>२. गाउँटोलमा कुनै व्यक्तिलाई सम्मान गर्नुको कारण वताउदै उनले गरेका कामहरुको नाम वताउने । | १. गाउँपालिकाको पोष्टर,नक्सा, चित्र ।<br>२. गाउँटोलका ख्यातिप्राप्त व्यक्तिको नामको सूची । | १. तिम्रो पालिकाको नाम के हो ?<br>२.. तिमी कति नम्वर वडामा बस्छौ ? | २३ |
| **५** | **ऐतिहासिक, सांस्कृतिक ,धार्मिक र पर्यटकीय स्थलहरु** | १. भागेश्वर गाउँ पालिकाका प्रमुख धार्मिक पृष्ठभूमि वताउन ।<br>-स्थानीय पर्यटकीय स्थलहरुको नाम बताउन । | १. प्रमुख धार्मिक स्थलहरु भागेश्वर मन्दिर , अशिग्राम,महादेव, खिट्केश्वर,नागार्जुन आदि<br>हाम्रा पर्यटकीय स्थल ( प्राकृतिक, सांस्कृतिक, मानव निर्मित) | चित्रहरु , पोष्टर वा भिडियो प्रदर्शन र छलफल गरि नाम बताउने | , चित्र ,भिडियो ,पोष्टरहरु | हाम्रो समुदायमा रहेका धार्मिक स्थलहरुको नाम वताउनुहोस् । पर्यटकीय स्थलहरुको को नाम बताउनुहोस | २७ |
| | | २. स्थानीय चाडपर्वको नाम बताउन | २. स्थानीय स्तरमा मनाउने बिभिन्न पर्बहरुको नाम ( जस्तै :गौरापर्ब,बिसु, ईत्यादी) | छलफलका माध्यमवाट चाडपर्बहरुको नाम भन्न लगाउने, | बिभिन्न चाडपर्बहरु लेखिएको सुचि, पोस्टर,चित्र | तिम्रो घरमा मनाउने कुनै दुईवटा पर्बहरुको नाम भन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीयस्तरका बाजागाजाहरुको नाम बताउन | स्थानीय स्तरमा प्रयोगमा आईरहेका बिभिन्न बाजागाजाहरु( मादल,बासुरी,हार्मौनियम, ढोलक ,दमाहा इत्यादी | स्थानीय स्तरमा प्रयोगमा आएका बाजागाजाहरुको नाम छलफलका माध्यमले सुचि बनान लगाउने | बाजागाजाहरुको चित्र,आवाज, | तिम्रो गाउंघरमा प्रयोग हुने कुनै २ वटा बाजाहरुको नाम लेख । | |
| ६ | **स्थानीय उद्योग व्यवसाय कला र प्रविधि** | हाम्रो घर छिमेकमा भएका स्थानीय उद्योग र प्रविधिको नाम बताउन । | १. स्थानीय स्तरमा प्रयोगमा आएका प्रविधिहरु पानी घट्ट, जात्रो, ओखल ढिकी, आदि<br>कटाई, वुनाई,चटाई, डोको डालो आदि। | १. पानी घट्ट, जात्रो, ओखल ढिकी को चित्र प्रदर्शन गरी छलफल गर्ने ।<br>२. क्षेत्र भ्रमण गराई प्रष्ट पार्ने । | चित्र,तस्विर,फोटो,मेटाकार्ड, चार्ट | तिम्रो गाउँघरमा रहेका उद्योगका नाम भन । | २१ |
| ७ | **प्राकृतिक स्रोत हरित विद्यालय र विपद व्यवस्थापन** | १. आफ्नो घर र विद्यालय वरपरका प्राकृतिक स्रोत चिन्न र भन्न ।<br>२. विपद तथा जोखिमको पहिचान गर्न । | १. आफ्नो घर र विद्यालय वरपरका प्राकृतिक स्रोतहरु : वनजंगल,नदीनाला, ढुङ्गा, माटो आदि ।<br>जोखिम अन्तरगत लड्नु, चोटपटक लाग्नु, आगोले पोल्नु, हावाहुरी, भिरबाट लड्नु, हिमपात र असिना घर तथा विद्यालयमा बाढी र पहिरो आदि । | १. आफ्नो घर र विद्यालय वरपरका प्राकृतिक स्रोतहरुको नाम वालबालिकाहरुलाई भन्न लगाई छलफल गर्ने ।<br>-बर्षाभैरहेको र बाढी पहिरो गएको अडियो भिडियो समाचार,हावाहुरी ,असिनापानी तथा भिरबाटलडेर भएका घटना झल्किने भिडियो क्लिपहरु देखाउने<br>-बिद्यालयमा खेल्दा ,बाटोमा हिड्दा घरमा आगोताप्दा भएका वा हुनसक्ने घटना उल्लेखित चित्र तथा पोष्टरहरु देखाइ छलफगर्ने | १.चित्र , फोटाहरु, बाढी र बर्षा भैरहेको अडियो भिडियो , सामाचार हावाहुरी , असिना पानी तथा भिरवाट लडेर भएका घटना झल्किने भिडियो क्लिपहरु देखाउने साथै चित्र तथा पोष्टरहरु देखाई छलफल गर्ने । | १. तिम्रो घर वरपर पाइने ३ वटा प्राकृतिक स्रोतका नाम भन ।<br>वालबालिकालाइ आफ्नो घरमा वा गाउँमा कस्ता कस्ता जोखिम तथा बिपद आएको वा देखेकाछौ भनी प्रश्नगर्ने । | २१ |

कक्षा :२

| क्र.सं. | क्षेत्र | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाई क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | **हाम्रो भूगोल र वातावरण** | १.आफ्नो टोल छिमेक गाउँपालिकाको भौगोलिक अवस्था बताउन<br>२. आफू रहेको गाउँपालिको का मुख्य ठाउँ वताउन ।<br>३. आफ्नो वरपरको सरसफाईमा ध्यान दिन । | १. आफ्नो टोल छिमेक र त्यस वरपरको भौगोलिक स्वरुपको परिचय<br>२. जमिनको स्वरुप ( अग्लो,होचो,खोचो )<br>३. स्थानीय सडक, गोरेटो,घोरेटो वाटो<br>३. आफ्नो घर वरपरको सरसफाई | १.टोल छिमेक र त्यस वरिपरीको अवलोकन गराई छलफल गराउने प्रश्नोत्तर गराउने<br>२. आफ्नो वडाको भौगोलिक स्थिती भिराले, समथर,कस्तो छलफल गराउने ।<br>३. वालवालिकाहरुलाई आफ्नो घर र विद्यालय वरपरको सरसफाई कसरी गर्न सकिन्छ छलफलवाट निष्कर्षमा पुग्न लगाउने । | चित्र,पोस्टर,अडियो भिडियो आदी<br>२. सफा घर र विद्यालयका चित्र/फोटाहरु | १.तिम्रो गाउँपालिकाको नाम के हो ?<br>२. तिमी बसेको जमिन कस्तो छ ?<br>३.तिम्रो स्थानीय सडकवाट कहाँ कहाँ पुगिन्छ ?<br>४. तिमी आफ्नो सरसफाई कस्तो पानीले गर्नु हुन्छ ? भन । | २३ |
| २ | **हाम्रो कृषि प्रणाली र आर्थिक क्रियाकलाप** | १. घर परिवारका सदस्य र छरछिमेकले गर्ने काम वताउन ।<br>२. छरछिमेकमा गरिने पेशा व्यवसाय पहिचान गरी सूचि वताउन<br>३. आफ्नो | आफ्नो छिमेक र परिवारका सदस्यले गर्ने कामको विरण जस्तो कृषि, पशुपालन, फलफूल, तरकारी जडीबुढी संकलन आदि<br>२. घरेलु व्यसाय सिकर्मी, डकर्मी, घट्ट, मिल सिलाई, कटाइ, बुनाई र व्यापारको सचित्र विवरण | १. छरछिमेक घर परिवारका सदस्यले गर्ने कामको विरण दिने र थप कामको वारेमा छलफल गर्न लगाउने ।<br>२. स्थानीय पेशा व्यवसायको सूचि वनाउन लगाउने र स्थानीय पेशा व्यवसायिसँग छलफल | १. दैनिक रुपमा घमा सामग्रीको चित्र प्रदर्शन<br>२. पेशाकर्मीको चित्र देखाई तिनीहरुले गर्ने काम छलफल गर्ने ।<br>३. स्थानीय बजारमा पाइने सामाग्रको चित्र देखाइ छलफल गर्ने । | १. तिम्रो परिवारका सदस्यहरुले गर्ने कामको सूचि वनाऊ ।<br>२ तिम्रो परिवारका सदस्यहरुले गर्ने काम र छरछिमेको | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गाउँघरमा उत्पादन हुने वस्तु र तिनको प्रयोग वारे वताउन । | | गर्न गराउने<br>३. स्थानीय बजारको भ्रमण गराइ त्यहाँ बेच्ने वस्तुवारे छलफल गर्ने । | | पेशाको सूचि वनाऊ<br>३. तिम्रो घरमा उत्पादन हुने वस्तुहरु के के हुन ? | |
| **३** | **हाम्रो संस्कृति र सभ्यता** | स्थानीय मेला जात्राका नाम बताउन तथा सुचि बनाउन | स्थानीय स्तरमा मनाउने मेला, जात्रा (बेहडाबाबा मेला रुपालको जोगिनी जात्रा, महादेवको जात्रा भागेश्वर धुराको जात्रा ठाडी भाका आदि) | १. छलफल गराई बिभिन्न स्थानीय स्तरका जात्राकोनामहरु पालोपालो भन्न लगाउने<br>२. जात्राहरुको सुचि प्रदर्शन गरी नामहरु टिपोट गर्न लगाउने, | बिभिन्न जात्राहरुका नाम लेखिएको सुचि, पोस्टरहरु,डकुमेन्टी | तिम्रो गाउंठाउमा मनाउने कुनै दुईवटा जात्राको नाम भन ।<br>२. जोगिनी जात्रा कसरी मनाई छ ? | २३ |
| | | स्थानीय चाडपर्बको नाम बताउन तथा सुचि बनाउन | स्थानीय स्तरमा मनाउने बिभिन्न पर्बहरुको नाम (जस्तै :गौरापर्ब,बिसु,ईत्यादी) | छलफलका माध्यमले चाडपर्बहरुको पर्बहरुका नाम भन्न लगाउने, | बिभिन्न चाडपर्बहरु लेखिएको सूचि, पोस्टर,चित्र | तिम्रो घरमा मनाउने कुनै दुईवटा पर्बहरुको नाम भन | |
| | | स्थनीय स्तरका बाजागाजाहरुको नाम बताउन | स्थानीय स्तरमा प्रयोगमा आईरहेका बिभिन्न बाजागाजाहरु(दमाहा रुइसिहा,मादल,बासुरी,हार्मोनियम इत्यादी | स्थानीय स्तरमा प्रयोगमा आएका बाजागाजाहरुको नाम छलफलका माध्यमले सुचि बनान लगाउने | बाजागाजाहरुको चित्र,आवाज, | तिम्रो गाउंघरमा प्रयोग हुने कुनै २ वटा बाजाहरुको नाम भन । | |
| **४** | **स्थानीय सरकार र ख्याती प्राप्त व्यक्तित्व** | १. आफ्नो गाउँघर ,टोलको शैक्षिक सामाजिक र राजनैतिक क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिको नाम | १. गाउँटोल र वडाको विकासमा योगदान पुर्‍याउने ख्याती प्राप्त व्यक्तिहरु । | १. आफ्नो गाउँटोलमा शैक्षिक, सामाजिक र राजनैतिक क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुको नाम टिप्न लगाई उनले गरेका कामवारे कक्षामा | १. ख्यातिप्राप्त व्यक्तिहरुका फोटाहरु । | १. तिम्रो गाउँमा रहेको विद्यालय खोल्ने व्यक्तिको नाम के हो ?<br>२. तिम्रो गाउँटोल र वडाको विकासमा | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | भन्न र तिनका कामवाट प्रेरणा लिन । | | छलफल गर्ने । | | महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिको नाम भन । | |
| **५** | **ऐतिहासिक ,सांस्कृतिक धार्मिक र स्थानीय पर्यटकीय स्थलहरु** | १. भागेश्वर गापा भित्र रहेका धार्मिक स्थलहरुको नाम र ठाउँ पत्ता लगाउन र पृष्ठभूमि बताउन ।<br>२. धार्मिक स्थलमा लाग्ने पर्वहरुको नाम र समय वताउन ।<br>३. धार्मिक स्थलको महत्व तथा महिमा वताउन ।<br>४.स्थानीय पर्यटकीय स्थलहरु भन्न । | १. धार्मिक स्थलमा रहेका स्थानहरु जस्तै : भागेश्वर मन्दिर, अशिग्राम मन्दिर, महादेव मन्दिर, जोगिनी जात रुपाली भुस्सो,कमल ताल, निलपाल मन्दिर आदि ।<br>२.स्थानीय पर्यटकीय स्थलहरुको सूची तयार गर्न | १. कुन कुन धार्मिक स्थलहरु कहाँ कहाँ छन सोधखोज गरी पत्ता लगाउने।<br>आफ्नो घर, विद्यालय नजिक रहेका धार्मिक स्थलमा मेला लाग्ने समयमा विद्यार्थीलाई उक्त पर्वमा सहभागी गराई त्यहाँ भएका क्रियाकलापको वारेमा लेख्न वा भन्न लगाउने ।<br>विभिन्न पर्यटकीय स्थलहरुको नाम ( प्राकृतिक ,धार्मिक ,साँस्कृतिक) | १. भागेश्वर मन्दिर, अशिग्राम मन्दिर महादेव मन्दिर कति कति वार्ड नम्बरमा पर्छन ?<br>२. जोगिनी जातमा के गरी मनाइन्छ ?<br>३. वभिन्न प्राकृतिक धार्मिक स्थलहरुको चित्र प्रदर्शन गर्न ।<br>विद्याथीहर्रुलाई समुहमा विभाजन गरी प्राकृतिक ,धार्मिक ,स्थलहरुको नाम लेख्न लगाउने | चित्र, पोष्टर, जोगिनी जात खेलेको अडियो भिडियो देखाउने । | २७ |
| **६** | **स्थानीय उद्योग व्यवसाय, कला र प्रविधि** | १. आफनो गाउँघरमा भएका स्थानीय उद्योग र प्रविधिको नाम वताउन । | १. घरायसी रुपमा प्रयोग गरिने स्थानीय समाग्रीहरुको काम सरसफाई , ओसार पसार, पूजापाठ<br>२. स्थानीय उद्योगहरुमा पानी घट्ट, चिउरा मिल, चामल मिल, कोलु, ओखल, ढिकी, जात्रो गुड कल, तेलविण्नो कोल आदि<br>३. दाल दल्ने, घरवनाउने दैनिक काम काज खेतिपाती आदि | १. तिम्रो घर परिवारका सदस्यले के के काम गर्छन, प्रश्नोत्तर गरी छलफल गर्ने,<br>२. स्थानीय स्तरमा के के रोजगार छ सोध्ने छलफल गर्ने ।<br>३. स्थानीय उद्योग र प्रविधिको क्षेत्र भम्रण गराई प्रष्ट गर्ने । | पानी घट्ट,ढिकी, जातो आदिको चित्र, तस्विर फोटो मेटाकाड चार्ट देखाउने<br>२. दैनिक प्रयोग हुने सामग्री | १. तिम्रो घरमा प्रयोग गरिने ढिकीको काम भन ?<br>२. तिम्रो गाउँ टोलमा उत्पादीत वस्तुको नाम भन।<br>३. खेतमा प्रयोग गरिने औजारहरुको नाम | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ४. जातो पानी घट्ट कोलु, , डालो डोको, चटाईको चित्र प्रदर्शन गर्ने | | वताऊ । | |
| ७ | **प्राकृतिक स्रोत हरित विद्यालय र विपद व्यवस्थापन** | १. प्राकृतिक स्रोतहरुको नाम भन्न र महत्व वताउन ।<br>२. विभिन्न किसिमका प्रकोपहरु तथा जोखिम वारे सचेतना अपनाउन । | १. विपद तथा प्रकोपमा लड्नु, चोटपटक लाग्नु, आगोले पोल्नु, हावाहुरी, हिमपात, असिना आउनु ,<br>२. घर तथा विद्यालय डुवानमा पर्नु, पहिरोको जोखिममा पर्नु, | १. हावाहुरी, हिमपात,असिना पानी परेको,भिरवाट लडेको, चित्र तथा तस्वीरहरु देखाई छलफल गर्ने ।<br>२.चोटपटक लागेको, आगोले पोलेको चित्र तथा पोष्टरहरु देखाई छलफल गर्ने ।<br>३. विपद तथा जोखिम लेखिएको पर्चा उल्लेखित गर्ने । | १. चोटपटक लागेको , आगोले पोलेको चित्र तथा पोष्टर<br>२. बाढी पहिरो गएको हिमपात तथा हावाहुरी, असिनापानी, भिरवाट लडेको चित्र तथा फोटोहरु | १. विपद तथा जोखिम भन्नाले के बुझिन्छ ?<br>२. तिम्रो गाउँघरमा कस्ता कस्ता घटनाहरु देखेका छौ कुनै ४ वटा घटनाको नाम लेख । | २१ |

**कक्षा ३**

| क्र. सं | क्षेत्र | **सिकाई उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **शिक्षण सिकाई क्रियाकलाप** | **शैक्षिक सामग्री** | **मूल्याङ्कन** | **पाठ्य भार** |
|---|---|---|---|---|---|---|---|
| **१** | **हाम्रो भूगोल र वातावरण** | १. आफ्नो पालिका वरिपरीको भौगोलिक स्वरुप बताउन ।<br>२.आफ्नो विद्यालयको धरातलीय अवस्था र स्थानीय सडक तथा दूरी भन्न<br>३. आफू वसेको गाउँटोलको सरसफाइवारे भन्न र गर्न । | १. आफ्नो समुदाय तथा पालिकाको भौगोलिक स्वरुपको परिचय - (हिमाल,पहाड,उपत्यका आदि)<br>२.आफ्नो विद्यालयको धरातलिय अवस्था, दिशास्थिती<br>३.आफ्नो गाउँटोलको सरसफाई | १.समदाय तथा पालिका भित्र अवलोकन भ्रमण गराउने<br>-प्रश्नोत्रर र छलफल गराउने<br>२. शिक्षकले विद्यालय वरपरको धरातल सहितको चित्र प्रस्तुत गर्ने<br>३. आफ्नो विद्यालयको दायाँबायाँ अगाडी पछाडी रहेका स्थान सडक र | १.चित्र,पोस्टर, अडियो भिडियो आदी<br>२. विद्यालयको धरातलीय अवस्था देखिने चित्र<br>३. गा.पा.को | १.तपाइँको समुदाय र स्थानिय तहको भौगोलिक स्वरुप कस्तो छ ?<br>२.तपाईको विद्यालयको धरातलीय स्वरुप कस्तो छ ? | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | वस्तुस्थितीको टिपोट गर्न लगाउने ।<br>४. वालवालिकाहरुलाई आफ्नो गाउँटोलको सरसफाई कसरी गर्न सकिन्छ छलफल गर्ने । | नक्सा | ३. आफ्नो गाउँटोलको सरसफाई कसरी गर्न सकिन्छ ? | |
| २ | **हाम्रो कृषि प्रणाली र आर्थिक क्रियाकलाप** | - हाम्रो समुदायका मानिसहरुको बिभिन्न पेशाको सूचि वनाउन ।<br>२. विभिन्न पेशाकर्मीका मुख्य मुख्य काम भन्न । | हाम्रो समुदायका मानिसहरुको पेशाको नाम भन्न लगाउने।<br>जस्तैः डकर्मीले घर बनाउने, सिकर्मीले काठको काम गर्ने,किसानले खेत जोत्ने आदि<br>। | - हाम्रो समुदायमा भएका पेशा र व्यवसायको अवलोकन, श्रव्यदृष्य सामग्रीबाट स्पष्ट गराउने ।<br>–पेशाको नाम टिपोट गरि छलफल गर्न लगाउने।<br>–हाम्रो समुदायमा भएका पेशाहरुको सूची बनाउन लगाउने | समुदाय भित्रका पेशा संग सम्बन्धित शब्द पत्ती, चित्र पत्ती, भिडियो सामग्री, प्रोजेक्टर आदि | डकर्मीले के काम गर्छ ?<br>विद्यालयमा पढाउने काम कसले गर्छ ?<br>–तिम्रो समुदायका मानिसहरुको कुनै २ओटा पेशाको नाम लेख । | २२ |
| ३ | **हाम्रो संस्कृति र सभ्यता** | स्थानीय मेला जात्राको परिचय र महत्व बताउन | स्थानीय स्तरमा मनाउने मेला, जात्रा ( पालिको प्रख्यात जात जोगिनी, महादेव भागेश्वर धुरा, कैलपाल, निलपाल धुमारी आदि) | कक्षामा विभिन्न माध्यमबाट मेलाजात्राहरुको नामहरु पालोपालो भन्न लगाउने ।<br>मेलाजात्राहरुको सुचि प्रदर्शन गरी नामहरु टिपोट गर्न लगाउने, | बिभिन्न मेलाजात्राहरुका नाम लेखिएको सुचि, पोस्टरहरु,डकुमेन्टी आदि | तिम्रो गाउंठाउमा मनाउने कुनै दुईका मेलाका नाम र महत्व भन | २३ |
| | | स्थानीय चाडपर्बका नाम भन्न तथा महत्व बताउन | स्थानीय स्तरमा मनाउने बिभिन्न पर्बहरुको नाम ( जस्तै :गौरापर्ब,बिसु,बन्ढुनी पर्व आदि) | छलफलका माध्यमले चाडपर्बहरुको पर्बहरुका नाम भन्न लगाउने, | बिभिन्न चाडपर्बहरु लेखिएको सुचि, पोस्टर,चित्र | तिम्रो घरमा मनाउने कुनै दुईवटा पर्बहरुको नाम र महत्व भन | |
| | | स्थनीय स्तरका बाजागाजाहरुको नाम बताउन तथा महत्व बताउन | स्थानीय स्तरमा प्रयोगमा आईरहेका बिभिन्न बाजागाजाहरु( मादल,बासुरी,हार्मोनियम | स्थानीय स्तरमा प्रयोगमा आएका बाजागाजाहरुको नाम छलफलका माध्यमले सुचि बनाउन लगाउने | बाजागाजाहरुको चित्र,आवाज, प्रदर्शन गर्ने । | तिम्रो गाउंघरमा प्रयोग हुने कुनै २ वटा बाजाहरुको नाम र महत्व | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | दमाहा इतयादी | | | | |
| ४ | **स्थानीय सरकार र ख्याती प्राप्त व्यक्तित्व** | भागेश्वर गाउँपालिकाको शैक्षिक, सामाजिक र राजनैतिक क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुको नाम भन्न र तिनको कामवाट प्रेरणा लिन । | भागेश्वर गा.पा.का ख्यातिप्राप्त व्यक्तिहरु | भागेश्वर गा.पा. शैक्षिक, सामाजिक र राजनैतिक क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुको नाम भन्न लगाई कक्षामा छलफल गर्ने । | ..........को जीवनी र फोटाहरु | १. भागेश्वर गा.पा.को शैक्षिक क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुका नाम भन ।<br>२. भागेश्वर गा.पा.को सामाजिक र राजनैतिक क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुको नाम भन । | २३ |
| ५ | **ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय स्थलहरु** | १.भागेश्वर गाउँपालिका धार्मिक स्थल वरपरको वातवारणको अवलोकन गरी वर्णन गर्न ।<br>२. आफ्नो स्थानीय धार्मिक स्थलहरुसँग सम्बन्धीत व्यक्तिसँग भेट गरी छलफल गर्न<br>३. स्थानीय पर्यटकीय स्थलहरुको सामान्य परिचय दिन र वर्गीकरण गर्न । | १. धार्मिक स्थल वरपरको वातावरण नदी नाला,वनजंगल, खोला वाटो आदि<br>२. धार्मिक स्थलसँग सम्बन्धीत व्यक्तिहरु : पुजारी, पण्डा, भराण्या, चौकिदार, व्यवस्थापनमा संलग्न व्यक्तिहरु ।<br>विभिन्न स्थानीय पर्यटकीय स्थलहरु -प्राकृतिक ,धार्मिक,साँस्कृतिक , ऐतिहासिक ।(भागेश्वर धुरा, महादेव, नागार्जुन, जोगिनी माता, खम्पाल दौपाल, पासा जात,बेताल जात, झर्नाहरु) | १. धार्मिक स्थल वरपरको अवलोकन गर्न लगाई ,सफा, फोहर जंगल,नदीनाला आदिको वारेमा लेखेर भन्न लगाउने ।<br>आफ्नो समुदायमा भएका पर्यटकीय स्थलहरुको नाम टिप्न लगाउने ।<br>पर्यटकीय स्थलहरुको बर्गीकरण गर्न लगाई तिनको नाम अवस्थिती स्थापित मिती को सामान्य परिचय दिन लागाउने र तिनको प्रदर्शन गर्ने । | चित्र, पोष्टर, प्रोजेक्टर,श्रव्य दृष्य सामग्री देखाउने । | १. तिम्रो समुदायमा भएका धार्मिक पर्यटकीय स्थलको नाम भन्नुहोस ।<br>२. तिम्रो समुदायमा रहेका पर्यटकीय स्थलको सामान्य परिचय दिनुहोस । | २७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | रुद्रावती नदी, साइल झरना आदि। | | | | |
| ६ | **स्थानीय उद्योग, व्यवसाय कला र प्रबिधी** | १. आफ्नो समुदायमा रहेका मानिसहरुको विभिन्न पेशाको नाम भन्न ।<br>२. आफ्नो पालिकामा रहेका स्थानीय उद्योग प्रविधिको नाम भन्न ।<br>३. आफ्नो गाउँ टोलमा भएका स्थानीय उद्योग र प्रविधी रहेको स्थान र उत्पादित वस्तुको नाम बताउन । | १. आफ्नो समुदायका मानिसहरुको पेशाको नाम भन्न लगाउने जस्तैः डकर्मीले घरको काम गर्ने, सिकर्मीले काठको काम गर्ने, किसानले खेत जोत्ने, शिक्षकले पढाउने आदि ।<br>२. बाँसको र्‍याक, माटाका भाडाकुडा गद्‌दा सिरक आदि | १. आफ्नो समुदायमा भएका पेशा र व्यवसायको अवलोकन गर्न लगाउने र वोर्डमा टिपोट गर्ने ।<br>२. पेशाको नामको सूचि तयार गर्ने ।<br>३. स्थानीय उद्योग र प्रविधिको चित्र प्रदर्शन गरी छलफल गर्ने ।<br>४. स्थानीय उद्योग र प्रविधिको क्षेत्र भ्रमण गराई अवलोकन गर्न लगाउने । | चित्र, तस्विर<br>फोटो<br>मेटाकार्ड<br>चाट<br>कम्प्युटर<br>प्रोजेक्टर<br>दैनिक प्रयोग हुने सामग्री | १. डकर्मीले के काम गर्छ ?<br>२. विद्यालयमा पढाउने काम कसले गर्छ ?<br>३. तिमो समुदायमा के उद्योग धन्दाहरु छन् ? | २१ |
| ७ | **प्राकृतिक स्रोत हरित विद्यालय र विपद व्यवस्थापन** | १. प्राकृतिक स्रोतहरुको नाम बताउन तथा विद्यालयमा करेसावारीको महत्व बताउन ।<br>२. सामान्य घरायसी जोखिमहरु, विद्यालय आउदा जाँदा आउन सक्ने सामान्य जोखिम वाट बच्न ।<br>३.जोखिमतथा प्रकोपका प्रकारहरु | १. प्राकृतिक स्रोतहरुको नाम, तिनको महत्व र विद्यालयमा सरेसावारी निर्माण<br>२. हावाहुरी, आगलागि, सडकमा हिड्दा आउने जोखिमहरु र बच्ने उपायहरु<br>३. घरमा प्रयोग गरिने हातहतियार तथा अन्य सामग्रीको प्रयोग गर्दा आउने जोखिम जस्तै : चक्कु, हसियाँ, बन्चरो आदि वाट बच्ने उपायहरु । | १. प्रासृतिक स्रोत झल्किने चित्र प्रर्दशन गर्ने र करेसावारी विद्यालयमा निर्माण तथा संरक्षण गर्न लगाउने ।<br>२. चोटपटक लागेको , लडेको, आगोले पोलेको चित्र तथा पोष्टर देखाई छलफल गर्ने । २. वाढीपहिरो गएको भिडियो क्लिप गरी देखाउने<br>३. घरवाट विद्यालय आउदा जाँदा कसरी आउाछौ ? हावाहुरी आएको दिन के गर्छौ ? सडक वाटो भएर आउदा कसरी आउँछौ । जस्ता प्रश्नवाट कक्षा सुरुवात गर्ने । | १. पोष्टर चित्र तथा प्रयोगात्मक कार्य<br>२. चोटपटक लागेको, लडेको आगोले पोलेको चित्र तथा पोष्टरहरु, वाढी पहिरो गएको भिडियो आदि | १. करेसावारीमा केक के लगाउनु पर्छ ?<br>२.अनावश्यक रुपमा सलाईको प्रयोग गरेमा के हुन्छ ?<br>२. हावाहुरी गएको वेलामा के गर्नु पर्छ ,३. सडकमा हिडदा कसरी हिड्नु पर्छ ? | २१ |

**कक्षा ४**

| क्र . सं. | क्षेत्र | **सिकाई** उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाई क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| **१** | **हाम्रो भूगोल र वातावरण** | १. आफू रहेको स्थानिय तह र जिल्लाको धरातलीय स्वरुप बताउन ।<br>२. स्थानीय तहको नक्सा कोर्न<br>३. स्थानीय सडकको दूरी वताउन<br>४ वनजंगल, नदी खोला हावापानी को वातावरणीय स्थिती वताउन ।<br>५. टोल, छिमेक र विद्यालयको सरसफाई वताउन | १.आफ्नो स्थानिय तह तथा जिल्लाको धरातलिय स्वरुप को परिचय -हिमाल ,पहाड आदि)<br>२.स्थानीय तहकोसामान्य नक्शा कार्य<br>२.वनजंगल, नदी खोला हावापानी वातावरणीय स्थिति<br>३. विद्यालय वरपरको सरसफाई । | १. स्थानीय तह र जिल्लााको नक्शाका आधारमा धरातलीय स्वरुपको बारेमा प्रश्नोत्तर गराउने ।<br>२. अवलोकन भ्रमण गराई नक्सा कोर्न अभ्यास गराउने ।<br>३. वनजंगल, नदी खोला आदिको वारेमा अवलोकन गराउने ।<br>४. हाम्रो वरपरको सरसफाई कसरी गरिन्छ सफा चित्र प्रस्तुत गरी प्रदर्शन गर्ने । | १.चित्र,पोस्टर,अडियो भिडियो आदी | -तपाइँको जिल्लाको धरातलीय स्वरुप कस्तो छ ?<br>-तपाइँको स्थानीय तहको धरातलिय स्वरुप कस्तो छ ?<br>३. तपाईको गाउँपालिकामा के के नदी नालाहरु छन ?<br>४. तिमी आफ्नो वरिपरिको सरसफाइ कसरी गर्छौ ? | १७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | **हाम्रो कृषि प्रणाली र आर्थिक क्रियाकलापहरु** | १. आफ्नो क्षेत्रका मानिसहरुले अपनाएका प्रमुख पेशा व्यवसाय भन्न<br>२. आम्दानीका स्रोतहरु वताउन।<br>३. विभिन्न किसिमका पेशा र व्यवसायलाई सूचीकरण गर्न ।<br>४. स्थानीय कृषि प्रणाली र पशुपालन बारे उल्लेख गर्न । | १. आफ्नो स्थानीय स्तरमा गरिने प्रमुख कृषि व्यवसाय, पशुपालन, तरकारी खेती आदि।<br>२. परम्परागत र आधुनिक पेशाको वर्गिकरण ।<br>३. विभिन्न किसिमका पेशा र व्यवसाय छुट्टयाउने र सूचीकरण गर्ने जस्तै : सिकर्मी,डकर्मी, शिक्षक, डाक्टर, वकिल,पशुपालन, तरकारी खेती, फलफुल खेती,जडिबुटी खेती, आदि | १. स्थानीय स्तरमा गरिने कृषि अन्तर्गतका व्यवसायहरुको सूचि संकलन गरेर कक्षा कोठामा प्रस्तुत गर्ने ।<br>२.परम्परागत र आधुनिक पेशाको वर्गिकरण गर्न लगाउने ।<br>३.विभिन्न किसिमका पेशा र व्यवसायको पहिचान गर्न लगाउने।<br>४.पेशा र व्यवसायलाई छुट्टयाइ सूची बनाउन लगाउने ।<br>५.स्थानीय ठाउँमा रहेका प्रमुख बजार र व्यापारीक केन्द्रहरुको अवलोकन भ्रमण गर्न लगाउने लगाउने । | चित्र ,भिडीयो ,चार्ट | १. कुनै २ ओटा परम्परागत पेशाको नाम भन ।<br>२. तिम्रो परिवारको मुख्य व्यवसाय के हो ?<br>३ पेशा र व्यवसायका ४।४ ओटा उदाहरण देऊ । | १७ |
| ३ | **हाम्रो संस्कृति र सभ्यता** | १. गाउँपालिका र जिल्ला भित्र मनाउने मेला तथा जात्राको महत्व र आवश्यकता बताउन<br>२. चाडपर्वमा गरिने क्रियाकलापहरु र तिनको महत्व वताउन ।<br>३. स्थानीय चाडपर्वमा पाकाईने परिकार बनाउने तरिका र महत्व | १. गाउपालिका र जिल्लास्तरमा मनाउने मेला, जात्रा । जस्तै फाग, धुमारी, ठाडी भाका, जात, मेलाा, गौरा आदि ।<br>२. हाम्रा चाडपर्वहरु।<br>३. स्थानीय स्तरमा पकाइने परिकारहरु | १. स्थानिय स्तरका र जिल्ला स्तरमा रहेका मेला जात्राहरुको नाम छलफलका माध्यमबाट पालोपालो गरी भन्न लगाउने ।<br>२. आवश्यकता तथा महत्वका बारेमा छलफल गर्न लगाउने ।<br>३. विभिन्न चाडपर्वहरुमा गरिने क्रियाकलापहरु वारे समुहकार्य गराउने । जस्तै : गौरामा गरिने | १. बिभिन्न मेला, जात्राको नाम लेखिएको सुचि, पोस्टरहरु ।<br>२. चाडपर्वमा खाइने खानेकुराहरु बनाउने तरिका र महत्वको चार्ट । | -तिम्रो जिल्लाभित्र मनाउने कुन ५ वटा मेलाका नाम भन<br>-मेलाहरुको महत्व तथा आवश्यकता बताऊ | १७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बताउने । | | क्रियाकलाप, माघे सङ्क्रान्तिमा गरिने क्रियाकलापहरु आदि<br>४. विभिन्न चाडपर्वमा पकाइने खानेकुराहरुको सूचि निर्माण गर्न लगाउने साथै विभिन्न परिकारहरु बनाउने तरिकाहरु वारे छलफल गर्ने । | | | |
| | | ४. स्थानीय तथा जिल्लाभित्र प्रयोग हुने बाजागाजाहरुको आश्यकता तथा महत्व बताउन | जिलाभित्र प्रयोगमा आईरहेका बिभिन्न बाजागाजाहरु( मादल,बासुरी,हार्मोनियम दमाहा, रुइसिंहा इत्यादी | जिल्ला स्तरमा प्रयोगमा आएका बाजागाजाहरुको नाम छलफलका माध्यमले सुचि बनाउ लगाउने उपलब्ध बाजाहरु बजाउने अभ्यास गर्न लगाउने र नाच प्रर्दशन गर्न लगाउने | बाजागाजाहरुको चित्र,आवाज, | तिम्रो गाउटोलमा र जिल्ला प्रयोगमा आएका बाजाहरुको आवश्यकता तथा महत्व बताउ | |
| | | ५. स्थानीय तथा जिलाभित्र गाइने बिभिन्न गीतहरुको आवश्यकता तथा महत्व बताउन । | जिल्लाभित्र गाउने गीतहरु जस्तैःरोपांईगीत,फाग तथा सगुन गीत डेउडा गीत ईत्यादी | बिभिन्न गीतहरु बजाएर,गाएर सुनाउने | अडियो भिडियो क्लिपहरु, रेकर्ड गीतहरु | तिम्रो जिलामा गाउने गीतहरुको महत्व तथा आवश्यकता भन । | |
| ४ | **स्थानीय सरकार र ख्याती प्राप्त व्यक्तित्व** | भागेश्वर गा.पा.को शैक्षिक, सामाजिक र राजनैतिक क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुको परिचय दिन ।<br>२. वडा समितिको गठन प्रक्रिया वताउन । | भागेश्वर गा.पा.को शैक्षिक, सामाजिक र राजनैतिक क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुको पारिवारिक पृष्ठभुमि ।<br>२. वडा समितिको गठन प्रक्रिया | भागेश्वर गा.पा.को शैक्षिक, सामाजिक र राजनैतिक क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुको पारिवारी पृष्ठभूमिको वारेमा कक्षा कोठामा छलफल गर्ने ।<br>२. वडा समितिको गठन प्रक्रिया उल्लेख गर्ने । | ख्यातीप्राप्त व्यक्तिका तस्वीरहरु, जीवनी लेखिएका तथ्य प्रमाणहरु भए उल्लेख गर्ने । | १. ........ व्यक्ति किन ख्यातीप्राप्त बने परिचय दिनुहोस् ।<br>२. वडा समितिको गठन प्रक्रिया भन । | १७ |
| | | १. स्थानीय स्तरका | १. आफ्नो क्षेत्रभित्र | १. स्थानीय स्तरमा रहेका | चित्र ,भिडियो ,चार्ट | १. धार्मिक र | २७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **ऐतिहासिक, सांस्कृतिक धार्मिक र पर्यटकीय स्थलहरु** | ऐतिहासिक, धार्मिक, सम्पदाहरुको संरक्षणमा सहयोग गर्न ।<br>२.स्थानीय पर्यटकीय स्थलहरुको फाइदा र महत्व बताउन । | रहेका धार्मिक, ऐतिहासिक स्थलहरु - भागेश्वर मन्दिर, अशिग्राम मन्दिर, महादेव, साइल झरना, वगरकोट ताल,मगंलाउ कोट, कमल ताल झर्नाहरु आदि ।<br>-विभिन्न स्थानीय पर्यटकीय स्थलहरुको फाईदा र<br>तिनको महत्व । | धार्मिक सम्पदा भागेश्वर मन्दिर, आशिग्राम मन्दिर, आदिको महत्व भन्न लगाउने ।<br>२. स्थानीय स्तरमा रहेका पर्यटकीय स्थलहरु जस्तै : साइल झरना, लाटा ताल झर्ना आदिको उदाहरण दिदै छलफल गर्ने ।<br>३. प्राकृतिक सम्पदा वनजंगल बुदागत रुपमा फाइदा र महत्वको वारेमा प्रस्तुतिकरण गर्ने ।<br>४.पर्यटकीय स्थलको प्रदर्शन गर्ने । | | ऐतिहासिक सम्पदाका कुनै २ वटा फाइदा भन्नुहोस् ।<br>२. हाम्रो क्षेत्रमा रहेका पर्यटकीय स्थलहरुको महत्व भन्नुहोस ? | |
| ६ | **स्थानीय उद्योग, व्यवसाय, कला र प्रबिधी** | १. हाम्रो परम्परागत पेशा व्यवसाय र प्रविधिको परिचय र महत्व वताउन ।<br>२. स्थानीय स्तरमा प्रयोगमा आउने प्रविधिहरु बनाउने तरिका वताउन ।<br>३.. स्थानीय रोजगारीको आबश्यकता वताउन ।<br>४. आफ्नो पालिका र जिल्लामा भएका उद्योग र प्रविधिवाट बन्ने वस्तुहरुको सूचि तयार गर्न । | १. परम्परागत पेशा , व्यवसाय र प्रविधीको परिचय र महन्व ।<br>२. घरायसी रुपमा प्रयागमा आउने सामग्रीहरु कुचो, टपरी, डोको, नाम्लो , छाला जुत्ता, आदि प्रयोग गरिने तरिकाहरु ।<br>३. हाम्रा स्थानीय प्रविधिहरु ओखल, ढिकी, कोल, जात्रो, चिउरा मिल, आचार उद्योग, सिलाई वुनाई, पाउरोटी, .......आदि । | १. विद्यार्थीहरुलाई विभिन्न समुहमा विभाजन गरी परम्परागत पेशा व्यवसाय तथा प्रविधिहरुको महत्व वारेमा छलफल गराई शिक्षकले आवश्यक पृष्ठपोषण दिने ।<br>२.स्थानीय स्तरमा पाइने सामानहरु जम्मा गर्न लगाई वानाउने तरिका प्रदर्शन गर्ने , जस्तै : कुचो, टोकरी, माटोको भाडो, नाम्लो, डोको, छाप्रो...आदि ।को चित्र देखाई छलफल गर्ने ।<br>३. तिम्रो घरका सदस्य तथा छिमेकीहरु कृषि, | १. विभिन्न परम्परागत पेशा व्यवसाय झल्किने चित्रहरु तथा तस्विर,<br>फोटो<br>चार्ट<br><br>कम्प्युटर<br><br>प्रोजेक्टर<br><br>दैनिक प्रयोग हुने सामग्री | १. स्थानीय पेशा व्यवसायका कुनै ४ वटा फाइदा भन्नुहोस् ।<br>२. आफ्नो जिल्ला तथा स्थानीय स्तरमा रहेका उद्योग तथा प्रविधिका नाम भन्नुहोस् ।<br>३. उद्योग र प्रविधिको महत्व तथा फाइदा वताउनुहोस । | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | पशुपालन, काष्ठकार्य,घर वनाउने आदि रोजगारी किन गर्छन भनि प्रश्नोत्तर गरी कक्षामा छलफल गर्ने । | | | |
| ७ | **प्राकृतिक स्रोत हरित विद्यालय र विपद व्यवस्थापन** | १. विद्यालयमा सरेसावारी र प्रार्कतिक स्रोतको उदाहरण सहित परिचय वताउन ।<br><br>२. विभिन्न प्राकृतिक तथा मानव निर्मित जोखिम तथा विपदको परिचय दिन ।<br>२. प्रकोप तथा विपद न्यूनिकरणका उपायहरु उल्लेख गर्न । | १. करेसावारीको निर्माण तथा प्राकृतिक स्रोतहरुको उदाहरण तथा महत्व बताउन ।<br>२.विपद तथा जोखिमका प्रकारहरु जस्तो : प्राकृतिक र मानव निर्मित<br>२. आफ्नो स्थानीय स्तरमा आउन सक्ने सम्भावित जोखिमहरुको समान्य जानकारी र बच्ने उपायहरु | १.करेसावारीको निर्माण गर्न लगाउने र चित्र, भिडियो आदिको सहायताले प्राकृतिक स्रोत बारे छलफल गरोने र विद्यालयमा करेसावारी निर्माण गर्न लगाउने ।<br>२.विपद तथा जोखिमको असर उल्लेख गरी कक्षामा छलफल गराउने ।<br>२. विभिन्न जोखिख तथा विपद का चित्र प्रदर्शन गरी प्रष्ट गराउने । | १. कम्प्युटर, प्रोजेक्टर<br>दैनिक प्रयोग हुने सामग्री | १. करेसावारी । प्रकृति भनेको के हो ?<br>२. प्राकृतिक प्रकोप भनेको के हो ?<br>२. मानव निर्मित विपद आउने कारणहरु के के हुन ?<br>३. प्रकोपले कस्ता समस्या ल्याउन सक्छ ? | १७ |

**कक्षा ५**

| क्र.स. | सिकाईका क्षेत्र | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाई क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | **हाम्रो भूगोल र वातावरण** | १. आफु रहेको स्थानीय तह, जिल्ला र छिमेकी पालिका र जिल्लाको भौगोलिक स्वरुपको अध्ययन गर्न र नक्शाकार्य गर्न ।<br>२. आफ्नो जिल्ला भित्र रहेका प्रमुख नदीनाला, | १. आफ्नो स्थानिय तह तथा जिल्लाको धरातलिय स्वरुप को परिचय - हिमाल,पहाड,उपत्यका, राजकोट, शाहीकोट आदि)<br>२.स्थानिय तह र | १ आफ्नो स्थानीय तह र जिल्लाको क्षेत्र भ्रमण गराई धरातलीय स्वरुपको अवलोकन गराउने ।<br>२. स्थानीय तह र जिल्लाको नक्साकार्य गराई प्रमुख स्थानको नामाकरण गराउन लगाउने । | १. जिल्ला र स्थानीय तहको नक्सा<br>२.. पारिवारि विवरण तयार गरेको चार्ट,<br>३.. छरछिमेकमा रहेका महिला | १. तपाईको जिल्लाको धरातलीय स्वरुप कस्तो छ ?<br>२. तपाईको जिल्लामा रहेका प्रमुख नदी, ताल, र सडक नक्सामा | १७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सडक, धार्मिक स्थल र दूरी वताउन<br>३. स्थानीय तहमा भएको विकास र यसले वातवारणमा पारेको असर वताउन ।<br>४. आफ्नो छरछिमेकमा रहेका जनसंख्याको विवरण वताउन<br>५. छिमेक टोल र विद्यालयको सरसफाइ गर्न<br>६. छिमेक टोलको पारिवारिक विवरण वताउन । | जिल्लाको नक्शा र संकेत कार्य<br>३. वनजंगल, नदी खोला हावापानी वातावरणीय स्थितिको विवरण<br>४. छिमेकी, टोल र विद्यालय वरपरको सरसफाइ<br>५. आफ्नो छरछिमेकमा रहेका पारिवारीक संख्याको विवरण । | ३. आफ्नो छरछिमेकमा रहेका जनसंख्यको विवरण उल्लेख गरी महिला पुरुष संख्या छुट्याउन लगाउने । | पुरुषको संख्या लेखेको सूचिकृत तालिका ।<br>४. विकास र विनास लेखिएको सुचिकृत तालिका | देखाऊ ।<br>३. छरछिमेकमा रहेका महिला पुरुषको संख्या वताउनुहोस् । | |
| **२** | **हाम्रो कृषि प्रणाली र आर्थिक क्रियाकलाप** | १. आफ्नो स्थानीय स्तर र जिल्लाभित्रमा प्रमुख उद्योग व्यवसायहरुको परिचय दिन ।<br>२. स्थानीय स्तरवाट उत्पादित वस्तुको बजार व्यवस्थापन वारे भन्न ।<br>३. आफ्नो क्षेत्रमा भएका विभिन्न पेशाकर्मीका लागि आवश्यक पर्ने ज्ञान र सीपको सूची बनाउन । | १. स्थानीय कृषि व्यवसाय र उद्योगको परिचय र महत्व ।<br>२. स्थानीय व्यवसाय जस्तो : सिलाई, कटाई , वुनाई डेरी, मिल, घट्ट जात्रो,ढिकी ओखल आदिको परिचय र महत्व । अन्य व्यवसायहरुमा होटल, व्यापार<br>३. जागिर, सेवा, प्राविधिक जनशक्तिको परिचय । | १. क्षेत्र भ्रमण अवलोकन, छलफल,चित्र वा भिडियोका माध्यमबाट पेशा व्यवसायको आवश्यकता, फाइदा र महत्व बताउने ।<br>२. सञ्चालित घरेलु उद्योग व्यवसायको सिलाइ, बुनाई, फर्निचर, मिल पानी घट्ट, जात्रो आदिको परिचय महत्व र फाइदावारे जानकारी दिने र कक्षामा छलफल गर्ने ।<br>३. विभिन्न पेशा व्यवसायी संग अर्न्तक्रिया गराउने ।<br>४. . आफ्नो जिल्लामा भएका सम्भावित स्थानीय उद्योग र प्रविधिको चित्र | - विभिन्न किसिमका पेशा र व्यवसाय संग सम्बन्धित शब्द पत्ती, चित्र पत्ती, भिडियो सामग्री, प्रोजेक्टर आदि | १. तिम्रो गाउँमा कुन कुन सीप र प्राविधिक ज्ञान भएका मानिसहरु वस्छन् ?<br>२. तिम्रो स्थानीय स्तरमा सञ्चालित उद्योग व्यवसायको सूची वनाउनुहोस् ।<br>३. तिम्रो गाउँका मानिसले गर्ने पेशा व्यवसायको विवरण तयार गर्नुहोस् । | १७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रस्तुत गरी छलफल गर्ने । | | | |
| ३ | **हाम्रो संस्कृती र सभ्यता** | हाम्रो स्थानीय स्तर भित्र मनाइने र प्रदेश भित्र मनाउने मेला जात्राको सुची, महत्व र संरक्षणका उपायहरु बताउन र विकृति र समाधान बारे बताउन। | हाम्रो स्थानीय स्तरमा मनाउने मेला, जात्रा र प्रदेशमा मनाइने मुख्य मुख्य मोला जात्राहरुको नामको सूचि तयार गरी शिक्षण गराउने । जात्रा मेलामा आउने विकृति बारेमा सजक गराउने । | छलफलका माध्यमबाट बिभिन्न मेलाहरुका नामहरु पालोपालो भन्न लगाउने मेलाहरुको सुचि प्रदर्शन गरी नामहरु टिपोट गर्न लगाउने,महत्व तथा संरक्षणका उपायहरुको बारेमा आवश्यक छलफल गराउने । | बिभिन्न मेलाहरु का नाम लेखिएको सुचि, पोस्टरहरु,डकुमेन्टी | -तिम्रो प्रदेशमा मनाउने कुनै ५ वटा जात्रा तथा मेलाहरुको नाम भन<br>-ती मेला तथा जात्राहरुको महत्व भन<br>-मेला तथा जात्राहरुको संरक्षणका उपायहरु भन | १७ |
| | | प्रदेशस्तरका चाडपर्बको नाम बताउन,महत्व र संरक्षणका उपायहरु बताउन | प्रदेशस्तरमा मनाउने बिभिन्न पर्बहरुको नाम (जस्तै :गौरापर्ब धुमारी फाग, ठाडो खेल,बिसु, ईत्यादी) | छलफलका माध्यमले चाडपर्बहरुको पर्बहरुका नाम भन्न लगाउने, | बिभिन्न चाडपर्बहरु लेखिएको सुचि, पोस्टर,चित्र | -तिम्रो प्रदेशमा मनाउने कुनै ५ वटा पर्बहरुको नाम भन ।<br>-ती पर्बहरुको महत्व तथा आवश्यकता तथा संरक्षणका उपायहरु | |
| | | प्रदेशस्तरमा प्रयोगमा आएको बाजागाजाहरुको नाम बताउन तथा महत्व र संरक्षणका उपाय बताउन | प्रदेश स्तरमा प्रयोगमा आईरहेका बिभिन्न बाजागाजाहरु( मादल,बासुरी,हार्मोनियम इत्यादी | प्रदेश स्तरमा प्रयोगमा आएका बाजागाजाहरुको नाम छलफलका माध्यमले सुचि बनाउन लगाउने । उपलब्ध भएका स्थानीय बाजा बजाउने प्रयास गराउने | बाजागाजाहरुको चित्र,आवाज, महत्व लेखिएको कार्ड | तिम्रो पैदेशमा प्रयोग हुने बाजाहरुको दुईवटा महत्व बताऊ । | |
| ४ | **स्थानीय सरकार र ख्याती प्राप्त** | १. भागेश्वर गाउँपालिकाको परिचय दिन । | १. भागेश्वर गाउँपालिकाको नाम कसरी रहेको हो | १. भागेश्वर गाउँपालिकाको नाम कसरी रहेको हो भनि | १. भागेश्वर गापा.को नक्सा, २. | १. भागेश्वर गाउंपालिकाको नाम कसरी रहेको | १७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **व्यक्तित्व** | २. गाउँ सभा र गाउँ कार्यपालिकाको गठन प्रक्रिया, र न्याय समिति वताउन ।<br>३. गाउँपालिको कुनै ख्यातिप्राप्त व्यक्तित्वको जीवनी वताउन । | छलफल गर्ने ।<br>२. गाउँसभा र गाउँकार्यपालिकाको गठन प्रक्रिया र न्याय समिति वारे प्रष्ट गराउने ।<br>३. भागेश्वर गाउँपालिकामा भएका ख्यातिप्राप्त व्यक्तिको जीवनी उल्लेख गर्ने । | कक्षाकोठामा छलफल गरी प्रष्ट गराउने ।<br>२. गाउँसभा, गाउँकार्यपालिकाको गठन प्रक्रिया र न्याय समिति कक्षाकोठामा चार्ट वनाई उल्लेख गर्ने ।<br>३. भागेश्वर गाउँपालिका भित्र रहेका कुनै ख्यातीप्राप्त व्यक्ती को जीवनी सम्भवभए प्रोष्टर सहित कक्षाकोठामा देखाई छलफल गर्ने । | गाउँकार्यपालिकाको गठन प्रक्रिया र न्याय समिति को चार्ट ।<br>३. गा.पा. भित्रका ख्याति प्राप्त व्यक्तिको पोष्टर, चित्र, फोटाहरु आदि । | हो ? भन ।<br>२. गाउँकार्यपालिकाको गठन प्रक्रिया वताऊ ।<br>३. भागेश्वर गाउँपालिकाका ख्यातीप्राप्त व्यक्ति को हुन ? किन उनलाई ख्यातिप्राप्त मानिएको हो आफ्नो विचार व्यक्त गर । | |
| ५ | **ऐतिहासिक सांस्कृतिक धार्मिक र पर्यटकीय स्थलहरु** | १. स्थानीय ऐतिहासिक धार्मिक सम्पदाहरुको संरक्षणमा सहयोग गर्ने ।<br>२. धार्मिक सांस्कृतिक सम्पदाहरुको महत्व र संरक्षण<br>३ पर्यटकीय स्थलहरुको बर्तमान अवस्था बताउन ।<br>४.पर्यटकीय स्थलहरुको संरक्षण तथा प्रवर्द्धनका उपायहरु बताउन। | १. स्थानीय धार्मिक, सांस्कृतिक सम्पदाहरुको परिचय, महत्व र संरक्षणका उपायहरु वारे छलफल गराउने ।<br>२. पर्यटकीय स्थलहरुको वर्तमान अवस्था ।<br>३. पर्यटकीय स्थलहरुको संरक्षण तथा प्रवर्द्धनका उपायहरु (मर्मत सम्भार ,संरक्षण ) | १. स्थानीय सांस्कृतिक,धार्मिक स्थलहरुको अवलोकन गराई छलफल गर्ने ।<br>समुहमा पर्यटकीय स्थलहरुको वर्तमान अवस्थाको बारेमा छलफल गरी बुदागत रुपमा प्रस्तुत गर्न लगाउने ।<br>-स्थानीय पर्यटकीय स्थलहरुको संरक्षण तथा प्रर्वद्धनका तरिकाहरुको सूची तयार गरि प्रस्तुत गर्न लगाउने ।<br>-प्रोजेक्टरको माध्यम बाट पर्यटकीय स्थलहरुको वर्तमान अवस्था प्रदसित हुने भिडीयोहरु प्रदर्शन गर्ने | चित्र ,प्रोजेक्टर ,पेष्टरहरु,<br>तालिका,सूची चार्ट | -तपाईको छिमेकमा रहेका पर्यटकीय स्थलको बर्तमान अवस्था भन । संरक्षण तथा सम्बर्धन गर्ने उपायहरुको सूची तयार गर । | २७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ।क्षेत्र भ्रमण गराउने । | | | |
| ६ | **स्थानीय उद्योग, व्यवसाय कला र प्रबिधी** | १. पेशा र व्यवसायको आवस्यकता,फाइदा र महत्व बताउन ।<br>१ आफ्नो जिल्ला र -प्रदेशमा भएका स्थानीय उद्योग र प्रविधिको स्थान र नाम बताउन<br>२ आफ्नो जिल्ला र -प्रदेशमा भएका स्थानीय उद्योग र प्रविधिको उत्पादीत वस्तुको सूची बनाउन।<br>३. हाम्रो स्थानीय तह प्रदेश भित्र भएका स्थानिय उद्योग र प्रविधि को संरक्षण र त्यसको महत्व बताउन । | १. स्थानीय पेशा, व्यवसाय र प्रविधि झल्किने चित्र, पोष्टर तथा भिडियोहरुका आधारमा विभिन्न प्रश्नहरु गर्ने ।<br>२. स्थानीय पेशा व्यवसाय र प्रविधिका फाइदाहरुको सूचि तयार गर्ने ।<br>३. विद्यार्थीहरुलाई विधिन्न समुहमा विभाजन गरी परम्परागत पेशा र व्यवसाय वारे छलफल गन | १.क्षेत्र भ्रमण अवलोकन, छलफल,चित्र वा भिडियोका माध्यमबाट पेशा व्यवसायको आवश्यकता, फाइदा र महत्व बताउने ।<br>२.विभिन्न पेशा व्यवसायी संग अर्न्तक्रिया गराउने ।<br>३. आफ्नो जिल्लामा भएका सम्भावित स्थानीय उद्योग र प्रविधिको चित्र प्रस्तुत गरी छलफल गर्ने । | विभिन्न किसिमका पेशा र व्यवसाय संग सम्बन्धित शब्द पत्ती, चित्र पत्ती, भिडियो सामग्री, प्रोजेक्टर आदि | डाक्टर नभए के हुन्छ ?<br>–डकर्मी किन आवश्यक छ?<br>तरकारी खेती गर्नाले हुने फाइदाहरु के के हुन ?<br>- | १६ |
| ७ | **प्राकृतिक स्रोत र बिपद व्यवस्थापन** | १. प्राकृतिक स्रोतको उदाहरण सहित परिचय वताउन ।<br>२. विपद तथा जोखिम व्यवस्थापनमा स्थानीय निकायको भूमिका बताउन ।<br>३. विपद तथा प्रकोपको न्यूनिकरणका लागि स्थानीय संघसस्था सँग पहिचान गर्न । | १. प्राकृतिक स्रोतहरुको नाम र फाइदा तथा महत्वहरु<br>२. विपद तथा जोखिमको अवधारण, उपायहरु र समस्याहरु ।<br>२. विपद व्यवस्थापनमा स्थानीय निकायको भूमिका ।<br>३. विपद तथा जोखिम न्यूनिकरणका लागि विभिन्न संघ सस्थाहरु क्लवहरु, रेडक्रस, | १. प्राकृतिक स्रोतको परिचय र महत्वबारे उदाहरण सहित छलफल गर्ने ।<br>२. विपद तथा जोखिम वाट बच्ने उपायहरुका चित्र अडियो , भिडियो प्रस्तुत गरी विद्यार्थीहरुलाई छलफल गर्न लगाउने ।<br>२. विपद व्यवस्थापनका चरणहरु प्रदर्शन गरी छलफल गराउने ।<br>३. विपद तथा जोखिमवाट वच्न सुरक्षित स्थान खोज्ने | १. विभिन्न चित्र तथा पोष्टरहरु<br>२. विपद तथा जोखिमका उपायहरु लेखिएको चार्ट ।<br>२. विभिन्न चित्र, पोष्टर आदि<br>३. जोखिम तथा विपद संघसस्थाले गर्ने क्षेत्रका कार्यहरु, पावरप्वाईन्ट स्लाइडहरु । | १. प्राकृतिक स्रोतका कुनै ४ उदाहरण लेख्नुहोस् ।<br>२. विपद तथाजोखिम व्यवस्थापन भनेको के हो ?<br>२. जोखिम व्यवस्थापन गर्दा के कस्ता समस्याहरु आउन सक्छन् ?<br>३. तिम्रो स्थानीय | १७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाली सेना, प्रहरी, विपद व्यवस्थापन समिति । | र सबैलाई जानकारी गर्नुपर्छ भनि छलफल गर्ने । | | तहमा विपद न्यूनिकरण गर्नको लागि कुन कुन कार्यहरु गरेको छ ? नाम लेख । | |

मस्यौदा

## ➢ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

